# नलगाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
च नं:

मितिः २०८१/०५/०५

**सतर्कता अपनाउने सम्बन्धी जरुरी सूचना।**
**(प्रकाशित मितिः २०८१/०५/०५)**

देशका विभिन्न भू-भागहरुमा हालसम्म पनि मनसुन सक्रिय हुँदै गरेको अवस्था छ। यसबाट नदी, खोला, नालाहरुको बहाव बढ्न गई तटीय क्षेत्रमा बाढी जान सक्ने तथा भिरालो जमिनमा पहिरोको जोखिम हुने हुँदा जोखिमयुक्त क्षेत्रमा रहेका बासिन्दाहरुले मनसुन अवधिभर विशेष चलाखीका साथ पूर्व सावधानी एवम् सतर्कता अपनाउनु हुन जानकारी गराउदछौं। यस पालिकामा रहेका सम्पुर्ण सुरक्षा निकायहरु, सरकारी कार्यालयहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था, पत्रकार, राजनैतिक दलहरु तथा नागरिक समाज लगायतका सम्पूर्ण सरोकारवालाहरुले वर्षातको समयमा घट्न सक्ने विपतजन्य घटनाको बारेमा आवश्यक पूर्व सतर्कता अपनाउनको लागि सूचना तथा जानकारी आदान-प्रदान गर्न विपद् राहत तथा उद्धार सामाग्रीहरु तयारी अवस्थामा राखेर तथा विपद् जोखिम न्यूनीकरण गरी मानवीय एवम् भौतिक क्षति हुन नदिन आवश्यक सहयोग समन्वय गर्नु/गराउनु हुन सरोकारवाला सबैमा हार्दिक अपिल गरिन्छ। साथै गत वर्ष कार्तिक १७ गते जाजरकोटको रामिडाँडा केन्द्रविन्दु भइ गएको विनासकारी भुकम्प पश्चात जमिन तथा भौतिक संरचनामा परेको असर र मौसम पूर्वानुमान अनुसार यो वर्ष भारी वर्षा भइरहेकोले थप क्षति हुनसक्ने हुदाँ सावधानी अपनाउन समेत अनुरोध गरिन्छ। पालिका भित्र बसोबास गर्ने सम्पुर्ण नागरिकहरुलाई बाढी, पहिरो र वर्षादबाट बच्न वर्षादको समयमा अत्यावश्यक काममा सडकको अवस्था बुझेर मात्र यात्रा तय गर्न, भुकम्पबाट चर्केका घरहरुमा नबस्न, खोला तर्ने, दाउरा निकाल्ने , माछा मार्ने काम नगर्न साथै पशु चौपायहरुको आवत जावत नगर्न/नगराउन यसै सूचना मार्फत अनुरोध गरिन्छ।

विपद्को पूर्व जानकारी तथा विपद्वन्य घटनाको जानकारी गराउन तपसिल बमोजिमका नं मा सम्पर्क गरि विपद जोखिम न्युनिकरणका लागी सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ।

..........................
डम्मर बहादुर रावत
नगर प्रमुख

डम्बर बहादुर रावत
नगर प्रमुख

सम्पर्क नं

१. डम्मर बहादुर रावत, नगर प्रमुख – ९७४२२३६३३५
२. दिनेश भट्टराई, प्रमुख प्रशासकीय अधिकृत – ९८५८०२३३६३
३. नारायण खत्री, सूचना अधिकारी – ९८६६२२१६७२
४. रमेश देवकोटा , सूचना प्रविधि अधिकृत – ९८६६८००२३५
५. सिर्जना कुमारी बडुवाल, विपद् शाखा प्रमुख - ९७४५६३८४६३

CS Scanned with CamScanner